- ❖ घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्वनमा ध्यान दिईने छ ।
- ❖ गाउँकार्यपालिकाको भवन तथा तिमाल विद्युतीकरण सहकारी संस्थाको केन्द्रिय कार्यालय भवनको निर्माण समयमै सम्पन्न गरी विद्युत प्रसारणमा काठे पोललाई क्रमश फलामे पोलमा प्रतिस्थापन गरिने छ ।
- ❖ यस गाउँपालिका भित्र सूचना तथा सञ्चार प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल टेलिकमको टावर स्थापना गरी सबै सरकारी निकायहरुमा इन्टरनेट पहुँचको सुनिश्चितता गरिने छ ।

## घ) वातावरण तथा विपद् व्यवस्थापन

- ❖ गाउपालिकाँभित्र रहेको वन क्षेत्रको समुचित व्यवस्थापन तथा उपयोगका लागि विभिन्न कार्यालयसँगको सहकार्यमा विभिन्न कार्यक्रम कार्यान्वयन गरिने छ । साथै वनक्षेत्र संरक्षणको लागि गाउँमा वृक्षारोपण तथा वनजङ्गल संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूहहरुसँग सहकार्य गरिनेछ । ईन्धनको चाप वनक्षेत्रमा कम गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।
- ❖ **"तेमालको शान सामुदायीक वन"** भन्ने मूल नारालाई स्थापित गर्दै जलवायू परिवर्तन, वायू प्रदुषण तथा प्रदुषित वाताबरणको पुनरुत्थान गर्न बृहत कार्ययोजनाका साथ वन विकास कार्यक्रम अगाडी बढाईनेछ ।
- ❖ गाउँपालिकाले गाउँ क्षेत्रका मुल सडक दायाँ बायाँ, सार्वजनिक जमिन र खोला किनारमा वृक्षारोपण गरी हरियाली प्रबर्द्धन गरिनेछ ।
- ❖ वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तिका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । गाउँ क्षेत्रभित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु र वित्तीय निकायहरुसँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ प्रत्येक घरलाई वातावरणमैत्री बनाउँनका लागि **"एक घर आँगनमा कम्तीमा ३ वटा रुख"** नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।
- ❖ तेमालको माथिल्लो भाग सुख्खा ग्रस्त क्षेत्र भएकाले वर्षाको पानी संकलन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन गर्नका लागि प्रत्यक वडामा लैन्डफिल साईटको व्यवस्थापन गरी जनचेतना जागउँने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ नदि, खोला तटमा रहेका वस्तिहरुको संरक्षणका लागि विशेष नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ ।
- ❖ विपद व्यवस्थापनका लागि एउटा कोषको स्थापना गरी विपद व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।

## (घ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- ❖ आगामि आर्थिक वर्षमा यस गाउँपालिकाको मानव संसाधन विकासमा जोड दिइने छ
- ❖ तेमाल गाउँपालिका अन्तर्गत रहेका विभिन्न संस्थाहरुको संस्थागत क्षमता विकासका लागि उच्च प्राथमिकता दिइ कार्य गरिने छ ।
- ❖ राजस्व परिचालनमा उच्च प्राथमिकताका साथ कार्य गरिने छ ।
- ❖ वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखा परीक्षण, बेरुजु फछ्र्यौट जस्ता कार्यलाई संस्थागत रुपमा प्राथमिकता दिईने छ ।